# नेवार समाजमा गुठी परम्परा : एक प्रकार्यात्मक विवेचना
# Guthi Tradition in the Newar Society: A Functional Approach

ज्योति तण्डुकार

लेख सङ्कलन
२०७९-०५-०६

समीक्षकबाट प्राप्त
२०७९-०५-१०

स्वीकृत
२०७९-०५-१५

## लेखसार

नेपालमा प्राचीन समयदेखि प्रचलित गुठी परम्परा नेपाली समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउने एउटा मौलिक संगठन हो । धार्मिक तथा सेवागत भावनाबाट प्रेरित भएर धार्मिक सामाजिक तथा सांस्कृतिक कार्यहरू सञ्चालन गर्न स्थापित गरिने गुठीको मुख्य उद्देश्य समाज कल्याण गर्नु हो । सामूहिक सहभागिता तथा सामूहिक विधि विधानमा आधारित गुठी व्यवस्थाको उद्देश्य तथा प्रकृतिअनुसार यो विभिन्न प्रकारको रहेको छ । यही गुठी परम्परा उपत्यकाका नेवार समुदायको जीवनपद्धतिको अभिन्न अंगको रूपमा रहेको छ । नेवारी गुठी अन्तरगत देवाली गुठी, सी गुठी लगायत अन्य सामुदायिक गुठीहरू छन् । जसको आ–आफ्नै परम्परागत मूल्य मान्यता तथा सञ्चालनको प्रक्रिया रहेको हुन्छ । सबै प्रकारको गुठीको नेतृत्त्व थकालीले गरेको हुन्छ भने अन्य पदअनुसार सबै सदस्यहरूले आ–आ□नो जिम्मेवारी तथा अनुशासनको पालना गर्नु पर्दछ । गुठी परम्परामा विद्यमान यही सामाजिक नियमले सामाजिक बीचलनलाई रोक्न मद्दत गर्नुका साथै यसले पारस्परिक सहयोग तथा साझा मूल्यको धारणा विकसित गरेको हुन्छ । गुठीको माध्यमबाट नेवार समुदायले आ–आ□नो धर्म संस्कृति कला परम्परा जात्रा, चाडपर्व, पूजा संस्कार आदि सञ्चालन गर्ने हुनाले यसबाट समुदायको धार्मिक, सामाजिक, सांस्कृतिक परम्परालाई निरन्तरता दिन, सम्वर्द्धन गर्न तथा समुदायलाई व्यवस्थित गरी जीवनको सार्थकता प्रदान गर्न गुठी परम्पराको प्रकार्यगत भूमिका रहेको हुन्छ । गुठी व्यवस्थाले अंगालेका यावत सामूहिक भावनाकै कारण यसले नेवार समुदायलाई मात्र नभई तमाम नेपाली समुदायलाई नै भावनात्मक रूपमा एकबद्ध गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## Abstract

The Guthi tradition which has been prevalent in Nepal since ancient times is a traditional social organization that helps Nepali society to operate in an organized manner. The main purpose of a Guthi is to conduct religious social and cultural activities inspired by the spirit of

religious and service for social welfare. According to the purpose and nature of Guthi based on collective participation and collective rules it has different types. The Guthi tradition is an integral part of the Newar Community life in the Kathmandu Valley. Under the Newari Guthi there are Dewali Guthi, Si Guthi and other types of Community Guthi's which have their own traditional value recognition and operation process. All these types of Guthi are led by the thakali, while according to the other positions all the members must assume their responsibilities and follow the discipline. These social rules existing in the Guthi tradition help to prevent social deviation and develop a sense of mutual cooperation and shared values. Since the Newar community conducts its religion, culture, art, tradition, festivals, worship, ritual, etc through the Guthi, the functional role of the Guthi tradition is to promote and guarantee the continuity of the Community's religious social and cultural traditions that bind the Newar community and provide meaning to life.

**शब्द कुञ्जिका:** समाज, संस्कृति, गुठी, नेवार, प्रकार्य

## पृष्ठभूमि

समाज भनेको मानिसहरूको समूह मात्र होइन समाज मानिसहरूको सम्बन्धको जालो हो (Tylor, 1871)। यो भनेको समाज सामाजिक व्यवस्था भित्रका विभिन्न इकाईहरू बीचको अन्तरसम्बन्धको स्वरूप हो। सामाजिक व्यवस्था भित्र व्यक्तिहरू संस्थाहरू समूहहरू लगायत विभिन्न तह र पक्ष रहेको हुन्छ। यी विभिन्न पक्ष वा इकाइहरू बीचको प्रकार्यत्मक (functional) सम्बन्धको आधारमा नै समाज व्यवस्थित र अस्तित्त्वमा रहेको हुन्छ। नेपालको गुठी परम्परा पनि नेपाली समाजको एउटा प्रमुख पक्ष हो। जसले यहाँको सामाजिक सांस्कृतिक तथा धार्मिक व्यवस्थालाई जीवन्त राख्न मद्दत गर्दछ। गुठी नेपाली समाजको विशिष्ट पहिचान बोकेको मौलिक परम्परा हो। आर्य सभ्यताबाट प्राचीनकालदेखि प्रेरित रही आएको नेपाली समाजमा कल्याणकारी भावना अनुरूप राजा र प्रजा सबै मिलेर काम गरौं भन्ने सामूहिक भावना अनुरूप गुठी परम्परा विकसित भएको देखिन्छ। समाजमा अनेकौं देव देवीका मठ मन्दिरको स्थापना गर्ने, तिनीहरूको मर्मत संरक्षण गर्ने, पूजा आजा, चाडपर्व, संस्कार संस्कृतिको सञ्चालन गरी कल्याणकारी कार्य गर्न गुठीको जुन परम्परा बसालेको थियो त्यही गुठी संस्कृति आज नेपाली समाजको एउटा अभिन्न अंगको रूपमा स्थापित भएको छ। यो सामूहिक वा सहभागिताको माध्यमबाट समाजलाई व्यवस्थित बनाउने एउटा विधि पनि हो। गुठी भनेको राज्य लगायत विभिन्न जाति तथा क्षेत्रका मानिसहरूले आ-आफ्नो धर्म संस्कृति कला चाडपर्व जात्रा पूजा संस्कार आदि परम्परा सञ्चालन गर्न मठ-मन्दिर, चैत्य विहार, आदिको संरक्षण गर्नको लागि सामूहिक सम्पत्तिको व्यवस्था गरी गठन गरिएको औपचारिक तथा अनौपचारिक सामूहिक संस्था हो (शाक्य, २०७६)। यही गुठी परम्परा उपत्यकाको नेवार समाजको सामाजिक जीवनको अभिन्न अंगको रूपमा रहेको छ। दुई बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। नेवार समाजलाई गुठीले त्यसरी नै बाँधेको हुन्छ जसरी नशाको एउटा जालोले शरिरलाई बाँधेको हुन्छ (शर्मा, २०५४)। नेवार समाजको सामाजिक जनजीवनमा गुठीको बहुआयामिक पक्ष छन्। गुठी सञ्चालन गर्ने विधि प्रचलन संगठन र स्वरूपदेखि यसको नेतृत्व हस्तान्तरण जस्ता विविध पक्ष रहेका

छन् । गुठी व्यवस्थाले संरक्षण र सम्बर्द्धन गर्दै आएको तथा ज्ञान हस्तान्तरण गर्ने विभिन्न परम्पराले गर्दा आज नेवार समाजमा प्रचलित धर्म, संस्कृति, संस्कार, जात्रा, पर्वले निरन्तरता पाउँदै आएको छ । गुठी व्यवस्था नभएको भए सयौं वर्ष पुराना प्रचलित संस्कृति संस्कारहरू लोप भइसक्ने थिए । तसर्थ गुठी व्यवस्था भित्रको सामूहिक भावना, धार्मिक, सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताको जगेर्ना गर्ने, सामाजिक शिक्षाको परिपाटी कायम गर्ने लगायत उद्देश्यमूलक र संगठित कार्यबाट नेवारी समाजको सामाजिक व्यवस्था तथा जीवन पद्धतिलाई बलियो बनाउन यसको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## समस्या कथन

नेपाली समाजको महत्त्वपूर्ण इकाइको रूपमा रहेको गुठी व्यवस्था तथा नेवार समुदायमा गुठी परम्पराको जुन महत्त्वपूर्ण भूमिका रहेको छ । त्यो सबैको लागि अध्ययनीय विषय हो । प्रस्तुत लेखमा गुठी व्यवस्था तथा नेवार समुदायमा प्रचलित रहेको गुठी परम्परा तथा यसको भूमिकालाई प्रकार्यात्मक दृष्टिकोणबाट अध्ययन गरिएको छ । प्रकार्यात्मक दृष्टिकोणबाट विश्लेषण गर्दा निम्नलिखित समस्याहरूमा केन्द्रित रही गरिएको छ ।

(क) सामाजिक इकाइको रूपमा रहेको गुठीको परिचय के हो ?
(ख) नेवार समुदायमा गुठी परम्पराको स्वरूप कस्तो रहेको छ ?
(ग) नेवार समुदायमा गुठीको प्रकार्यात्मक भूमिका के कस्तो रहेको छ ?

## अध्ययनको उद्देश्य

समस्या कथनमा उठाइएका प्रश्नहरूको समाधान खोज्नु प्रस्तुत अध्ययनको उद्देश्य हो । प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्नलिखित बुँदाहरूमा समेटिएका छन् ।

(क) समाजको अभिन्न अंगको रूपमा रहेको गुठीकोबारे विवेचना गर्नु
(ख) नेवार समुदायमा प्रचलित गुठी परम्पराबारे चित्रण गर्नु
(ग) नेवार समुदायमा गुठीको प्रकार्यात्मक भूमिकाबारे प्रकाश पार्नु ।

## अध्ययनको विधि

प्रस्तुत लेख तयार पार्न अध्ययनसँग सम्बन्धित सन्दर्भ साहित्यको खोजी तथा संकलन गरिएको छ । गुठीसँग सम्बन्धित विभिन्न पुस्तकहरू लेख, पुस्तकालय सम्पर्क, इन्टरनेटबाट सामग्री संकलन गरी दस्तावेज अध्ययनद्वारा गुणात्मक तथ्यांकहरू संकलन गरिएको छ । यसरी प्राप्त तथ्यांकलाई वर्णनात्मक एवम् गुणात्मक ढाँचामा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## गुठीको परिचय

बहुजन हितायको भावना राख्ने नेपाली समाजमा सबै मिलेर काम गरौं भन्ने सामूहिकताको भावना गुठी परम्परामा रहेको हुन्छ । मुख्यतया लौकिक वा अलौकिक भावनाबाट प्रेरित भई समाजको हितको लागि कुनै पनि दाताले (राज्य वा अन्य) गुठी व्यवस्था राखेको हुन्छ । गुठीको कार्य व्यक्तिगत हित वा व्यक्तिगत आवश्यकता भन्दा पनि यो सामूहिक भावना सामूहिक आवश्यकतामा आधारित हुन्छ । त्यसैले यसको उद्देश्य भनेको धार्मिक सामाीजक सांस्कृतिक क्रियाकलापहरूको माध्यमबाट समग्र समाजको कल्याण गर्नु हो । उपत्यकामा रहेका प्राचीन मठ-मन्दिर, विहार, जात्रा तथा पर्वहरू अहिले पनि कुनै न कुनै गुठी मातहत नै सञ्चालित छन् । गुठी भनेको कुनै मठ-मन्दिर तथा देवी देवताको पर्व पूजा चलाउन वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर देवालय, धर्मशाला, पाटीपौवा, इनार पोखरी, तलाउ, धारा, बाटो घाटो, पूल, चौतारा, गौचरण, बाग बगैंचा, जंगल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, घर इमारत वा संस्था बनाउने, चलाउने वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो हक छाडी राखेको गुठीलाई समेत सम्झनु पर्दछ (गुठी ऐन, २०३३) ।

गुठी परम्पराको ऐतिहासिकतालाई हेर्ने हो भने नेपालको लिच्छविकालमा प्रचलित गोष्ठी शब्द पछि गुठीको रूपमा रूपान्तरण भएको देखिन्छ । गोष्ठी शब्दबाटै गुठी बनेको हो । आवश्यक कुरा मिलेर गर्ने भावना नै गोष्ठी प्रथाको आधार हो । ललितपुर लेलेको शिवदेव अंशुवर्माको सम्वत् ५२६ को अभिलेखअनुसार प्राचीन समयदेखि नै गुठी व्यवस्था नेपाली समाजको एउटा अभिन्न अंग बनेको थियो । समाजमा जात्रा पर्व सञ्चालन गर्न पुल पुलेसो हाल्न, मन्दिरमा धुप बत्ति बाल्न, पानीको प्रबन्ध मिलाउन, सडक बत्ती, मन्दिरमा ध्वजा पताका राख्न धार्मिक शिक्षा, स्वास्थ्य, कार्य चलाउन मन्दिरको संरक्षण गर्न, आदि कार्य गर्नको लागी गोष्ठी (गुठी) को व्यवस्था गरिन्थ्यो (बज्राचार्य, २०३०) । गुठी बन्दोवस्तको प्रमुख आधारभूमि थियो । लिच्छवीकालमा प्रचलित दत्तभूमि राख्ने प्रक्रिया अहिले गुठी नामबाट गुठीकरण भएर गएको र यस्ता गुठीका सबै भागीदार 'गुठीयार कहलाउदै गए' (शर्मा, २०५४) । गुठी व्यवस्था सञ्चालन गर्न त्यसको आयस्ताको बन्दोवस्त गरिएको हुन्थ्यो र आयस्ताको प्रमुख स्रोत भने भूमि रहेको हुन्थ्यो । जे जति आयस्ता थिए ति सबै दत्तभूमि (दाताले दान गरेका) हुन् । वर्तमान समयमा गुठी भनेको केवल जग्गा, भूमि मात्र होइन यो धर्म संस्कृति संस्कार कला परम्परा जोगाई राख्ने एउटा आधार हो । समग्र समाजको जीवन पद्धति हो । लिच्छविकाल पछि मल्लकाल, शाहकाल, राणाकाल, पञ्चायतकाल, बहुदल हुँदै वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आई पुग्दा, शासक परिवर्तन भए, व्यवस्था परिवर्तन भए समाज परिवर्तन भयो जसले गुठी परम्पराको मूल्य मान्यतामा तथा आयस्तामा पनि केही असर पुऱ्याएता पनि गुठी नेपाली सामाजिक जन जीवनबाट भने कहिले अलग भएको छैन ।

गुठीको प्रकारको सन्दर्भमा, तत्कालीन राजा तथा राज परिवारका सदस्यहरूले धार्मिक र सेवागत भावनाबाट जग्गा उपलब्ध गराइ स्थापना गरिएको गुठीलाई राज गुठी भनिन्थ्यो भने सर्वसाधारण जनताहरूले पनि सामाजिक तथा धार्मिक कार्य गर्नको लागि आफ्नो साविकको जग्गाबाट प्राप्त हुने आयस्ताबाट स्थापित गुठीलाई निजी गुठी वा दुनिया गुठी भनिन्थ्यो (Regmi, 1976) हाल राज्य तथा निजी स्तरबाट समाजका धर्म, संस्कृति, कला, शिक्षा, साहित्य, स्वास्थ्य, समाजसेवा आदि विभिन्न क्षेत्रसँग सम्बन्धित सयौं गुठीहरू स्थापित छन् । आर्थिक पक्षबाट हेर्ने हो भने यस्तो गुठीहरूको सञ्चालन भूमिको आयस्ताबाट सञ्चालन गरिन्छ । तर

निजी स्तरमा पारिवारिक व्यक्तिगत रूपमा चल अचल सम्पत्ति नगदको खर्च गरेर पनि गुठी सञ्चालन गरेको पाइन्छ। सरकारको वि.सं. २०२१ को भूमिसम्बन्धी ऐनले सबै प्रकारका गुठीलाई गुठी सञ्चालन ऐनअनुसार चलाउँदै आएको छ। भूमि सुधार कार्यक्रम लागू भएपछि, धेरैजसो गुठीको भूमिको आयस्ता कम भएकोले हाल कतिपय जात्रा पर्वहरू सञ्चालन गर्न सकिरहेको छैन। यसमा सरकारी गैरसरकारी व्यक्तिगत र नीजि क्षेत्रले समेत खुला हृदयले सहयोग गर्न आवश्यक देखिन्छ।

गुठी व्यवस्था नेवार समुदायको जीवन पद्धतिसँग जोडिएको परम्परा भएता पनि वर्तमान समयमा यो परम्परा कुनै निश्चित जातजाति वा समुदायमा मात्र सीमित रहेको छैन। अन्य समुदायमा पनि गुठी संस्कृति प्रचलित रहेको पाइन्छ। जस्तो विभिन्न जातजातिले आ-आफ्नो गोत्र जातिअनुसार कुल परिवारले आफू अनुकुल कुल पूजा, भूमि पूजा, पारिवारिक भेटघाटका लागि विभिन्न प्रकारका गुठीको स्थापना गरेको पाइन्छ जसले आ-आफ्नो गोत्रका परिवार लगायत बन्धु बान्धवका साथ एकत्रित भएर सामूहिक पूजा, भोज भतेर, भेटघाट, रमाइलो गर्ने कार्य सामूहिक विधि विधानअनुसार परिचालन गर्ने गरेको पाइन्छ। जसले समुदायका व्यक्तिलाई मर्दापर्दाको बेलामा सामाजिक भरोसा दिने कार्य गुठी व्यवस्थाले गर्दछ। तसर्थ नेवार समुदाय मात्र नभई तमाम नेपाली समुदायलाई गुठी संस्कृतिले कुनै न कुने तवरले संगठित गरेको छ। यस अर्थमा गुठीको व्यावहारिक पक्षलाई ध्यान दिई यसको सहभागितालाई बढाइ समाज विकासको कार्यमा अग्रसर भए अवश्य पनि यो व्यक्ति, परिवार, समाज र राष्ट्र सबैको लागि राम्रो हुनेछ।

## नेवारी समाजमा गुठी परम्परा

काठमाडौं उपत्यकाका नेवार जातिलाई सबै भन्दा पुराना बासिन्दा मानिन्छ। नेवार जातिभित्र नेवारका आदि पुर्खा किराँत र लिच्छवि लगायत यहाँ आकर्षित भएर विभिन्न समयमा विभिन्न दिशाबाट आएका अनेक उत्पत्तिका मानिसहरू कालान्तरमा सबै नेवार कहलिए (विष्ट-२०३२)। नेवार एउटा जात वा जाति मात्र होइन। नेवार विविध प्रजाति धर्म र नश्ल (race) को मिश्रणबाट बनेको एउटा बहुजातीय समाज हो (शर्मा-२०५४)। धार्मिक दृष्टिकोणले यस समाजमा हिन्दूमार्गी तथा बौद्धमार्गी गरी मुख्य दुई समूह रहेका छन्। सभ्यता र संस्कृतिले सम्पन्न तथा आफ्नै मौलिक पहिचान बोकेको नेवार जातिको धार्मिक सामाजिक तथा सांस्कृतिक कार्यहरूको सञ्चालनमा गुठी व्यवस्थाको महत्त्वपूर्ण भूमिका रहेको छ। समुदायका मानिस कुनै न कुनै रूपमा गुठी अन्तरगत सम्बन्ध रहेको हुन्छ। सबैको आ-आफ्नै गुठी हुन्छ। त्यसैले यस्तो कथन पनि प्रचलित छ A newar is born in guthi, he lives his life in guthi and dies in guthi. गुठीको सदस्य हुन भनेको समुदायको सामाजिकरणको एउटा अभिन्न प्रक्रियाको रूपमा रहेको छ। उपत्यकामा प्रचलनमा रहेको सबै जसो जात्रा चाडपर्व कला संस्कृति, आदि पर्वहरू नेवार जातिसँग सम्बन्धित छन्। वर्ष भरि नै मनाइने तथा सञ्चालन गर्ने यी विभिन्न प्रचलनहरू कुनै न कुनै गुठीको मातहतमा सञ्चालन हुन्छ। यस्तो परम्परागत संस्कृतिको जर्गेना गर्नु धार्मिक कार्य गर्नु, नेवार समुदायको नियमित कार्य हो र यसमा भएको आस्थाका कारण नै यसले एउटा जीवित संस्कृतिको रूप लिन सकेको छ। त्यसैले गुठी व्यवस्था यस्तो सांस्कृतिक धरोहर हो जसले नेवार समुदायका प्रत्येक सदस्यलाई सामूहिक भावना, दायित्व तथा कर्तव्यको बोध गराउँदछ, जसले समुदायलाई नै एक प्रकारले सामाजिक नियम तथा सामाजिक सम्बन्धमा बाँद्धछ। साथै यसले सामाजिक हैसियत र जीवनको सार्थकता पनि प्रदान गर्दछ।

नेवारी गुठी परम्पराको ऐतिहासिकतालाई हेर्ने हो भने लिच्छविकालीन समयदेखि प्रचलित संयुक्त परिवारको संरचनागत व्यवस्था सम्पत्तिको सामूहिक स्वामित्व र परिवारको प्रमुखमा ज्येष्ठ व्यक्तिलाई मान्ने तथा पारिवारिक मामलामा ज्येष्ठ सदस्यको निर्णायक भूमिका रहने जुन परम्परा छ, वर्तमान समयमा नेवारी गुठीमा प्रचलन रहेको थकालीले यही परम्पराको निरन्तरता बहन गरेको देखिन्छ । यसरी गुठी प्रथाको उत्पत्ति र विकास संयुक्त मूल परिवारको विकसित रूपमा प्रकट भएको देखिन्छ । (शर्मा २०५४) यही परम्परा मल्लकालमा विकसित हुँदै वर्तमान समयसम्म निरन्तर रही रहेको छ । नेवारी समुदायमा विभिन्न जात्रा पर्व सञ्चालन, मठ-मन्दिरको संरक्षण चाडपर्व रीतिरिवाज संस्कार संस्कृति सञ्चालन गर्न विभिन्न गुठीहरू रहेको पाइन्छ । जसमा प्रमुख तीन प्रकारका गुठीहरूमा सना गुठी 'सी गुठी, देवाली गुठी वा द्यौ गुठी' हुन् । सना गुठी र सी गुठीको काम मृत्यु संस्कारसँग सम्बन्धित छ भने देवाली गुठी कुल देवताको पूजासँग सम्बन्धित गुठी हो । यस बाहेक विभिन्न शुभ कार्यको लागि अनेक प्रकारका गुठीहरू छन् जस्तो नास द्यः गुठी (नाचगानसम्बन्धी देवताको गुठी) चःरे सेवा गुठी (चौथी पूजाको गुठी) ससु गुठी (सरस्वती पूजाको गुठी) होली गुठी, आदि (शर्मा २०३९) । यस्तो गरी सम्यक गुठी (नाट्य खल, बाद्य खल, गुँला बाजा गुठी) सलंहु गुठी तब गुठी, देशला गुठी, आचार्य गुठी कसा गुठीहरूले नेवार समाज भित्रका विविध समुदाय र स्थानमा प्रचलित गुठीको परिचय दिन्छ । (शर्मा-, २०५४) वास्तवमा गुठी नेवार समाजको जीवनको विविध पक्षसँग सम्बन्धित भएकोले यसले व्यक्तिको जीवनलाई नै नियमित गर्ने कार्य गर्दछ । व्यक्तिको जन्मदेखि मृत्यु संस्कारसम्मका कार्य गर्नका लागि होस् वा बिहानको नित्य पुजादेखि ठूलाठूला जात्रा सञ्चालन गर्न होस् व्यक्तिका यावत् क्रियाकलापहरू गुठीसँग जोडिएको छ ।

विशेषत् गुठीको उद्देश्य, प्रकृति तथा व्यवस्थाअनुसार विभिन्न प्रकारका गुठीहरू छन् जसको कार्यशैली तथा मानिसको सहभागिता पनि त्यही प्रकृतिअनुसारको हुन्छ । गुठीमा व्यक्तिको संलग्नताको सन्दर्भमा हेर्ने हो भने एउटा व्यक्ति जीवनमा अनेक गुठीहरूको सदस्य हुन सक्दछ । यद्यपि गुठी धेरै प्रकारका भएता पनि यसको सांगठनिक कार्य भने सबैको समान हुन्छ । सबै गुठीमा सबैभन्दा जेष्ठ व्यक्ति थकालीको रूपमा रहन्छ । थकाली अनुभवी हुने लगायत उनको आदेश सबैले पालना गर्नु पर्दछ । कुनै गुठी सजातिय भित्रको मात्र हुन्छ भने कुनै बहुजातीय भित्रको पनि हुन्छ । यस्तै कुनै गुठीमा अनिवार्य रूपमा सदस्य हुनु पर्ने हुन्छ जस्तो मृत्यु संस्कार गुठी । कुनै गुठीमा वंशाणुगत सदस्य मात्र संलग्न हुन पाउँछ जस्तो देवाली गुठी । कतिपय गुठीमा आफ्नो जातीय समुदाय संलग्न हुन्छ जसको आफ्नै आर्थिक स्रोत हुन्छ । यस्तो गुठी समुदाय बीच संगठित भई सामुदायिक तवरमा चल्ने हुन्छ जस्तो बज्राचार्यहरूको समुदायले स्वयम्भुमा चलाई आउने सम्यक पूजा गुठीलाई लिन सकिन्छ (पौड्याल २०४४) । यस्तै कतिपय गुठीमा स्वेच्छिक तथा वैकल्पिक रूपमा पनि सहभागिता जनाउँन सकिन्छ । गुठी सञ्चालन प्रक्रियामा विभिन्न जाति उमेर तथा गुठीयारअनुसार कार्य विभाजन हुन्छ । सबैको आ-आफ्नै काम कर्तव्य तथा अधिकार हुन्छ । समग्रमा सबैको सामूहिक सहयोग तथा कार्यबाट गुठी सञ्चालन हुन्छ । कतिपय गुठी राज्य स्तरबाट सञ्चालन गर्नु पर्ने हुन्छ यस्तो गुठीमा विभिन्न धार्मिक तथा जातीय आस्था भएका मानिसहरू यस्तो गुठीको कार्यमा सहभागिता जनाउन सकिन्छ । ठूलो ठूलो जात्रा पर्व सञ्चालन गर्न कुनै एक समूहले मात्र गर्न सम्भव छैन यसमा विभिन्न जातिय समूहको गुठीहरू सहभागी हुनु पर्दछ । जस्तो उपत्यकाको इन्द्रजात्रा पर्व सञ्चालन गर्न विभिन्न समुदायको विभिन्न गुठीहरू यसमा संलग्न हुन्छन जस्तो मानन्धर गुठी, ज्यापु खलः गुठी, अशोक विनायक गुठी, ज्या बहा गुठी, आकाश भैरव गुठी आदि सबै गुठीको जात्रा सञ्चालनमा आ-आफ्नै भूमिका रहन्छ । यसबाट के देखिन्छ भने जात्रा

पर्व सञ्चालनमा नेवार समुदायका विभिन्न जातीय समूहहरू एकिकृत भई सबैले आ-आफ्नो दायित्व तथा काम कर्तव्य निर्वाह गरी जात्रालाई सफल बनाएको हुन्छ । जात्रा सफल हुनु भनेको समुदाय नै सफल हुनु हो । जसले नेवारी समुदायलाई एउटै सूत्रमा बाँध्न सहयोग पुऱ्याएको छ ।

## समुदायमा प्रचलित गुठीहरू

**देवाली गुठीः** देवाली गुठी दिगु द्यः (कुल देवता) को पूजासँग सम्बन्धित गुठी हो । दिगु द्यः पूजा नेवार समुदायको मौलिक परम्परा हो, नेवारी पहिचान हो । यो एउटै पूर्खाका सन्तानले मान्ने पूर्ख्यौली देवताको सामूहिक पूजा गर्न प्रचलनमा ल्याएको गुठी हो । जसमा पारिवारिक सदस्यहरू जो जहाँ बसे पनि गुठीका सदस्य हुन्छन जसमा सबै जसो जूठो लाग्ने दाजु भाइको सन्तान हुन्छन । नेवारीमा ती सदस्यहरूलाई फूकी भनिन्छ (शर्मा- २०५९) । यो कुल पूजा आफ्ना पुर्खाले गरेका सङ्घर्ष नभुलून भन्ने प्रेरणा लिन चलाई राखेको चलन पनि हो । कुल देवतालाई विभिन्न जातिले विविध स्वरूपमा पूजा गर्ने गरिन्छ । वार्षिक रूपमा गरिने पूजाको नेतृत्व ज्येष्ठ सदस्य थकालीले लिने गर्दछ । सामूहिक भोजको आयोजना गरेर गरिने यस पूजामा पञ्चतत्त्व आकाश, जल, जमीन, वायू, अग्नि तत्त्वको प्रतीकको रूपमा मासु, अण्डा जाड रक्सी र दूध समेत अर्पण गरी पूजा गरिन्छ (शाक्य २०७६) । वर्तमान समयमा कतिपय नेवारी जातिमा दिगु द्यः पूजा गर्ने गुठी नरहे पनि कतिपय जातिमा पूजा गर्न सामूहिक चल अचल सम्पत्ति रहेको पाइन्छ । कतिपयले सामूहिक कोष वा रकम जम्मा गरेर देवाली पूजा सम्पन्न गरिन्छ । गुठी सञ्चालन प्रक्रियामा वार्षिक रूपमा पालै पालो फुकीहरूमा जिम्मेवारी हस्तान्तरण गरिन्छ । देवाली गुठीले कुल देवताको पूजा तथा भोजमा सबै परिवारहरूले आपसी परस्पर सम्बन्ध कायम गरी कुलको प्रथा परम्परालाई निरन्तर कायम राख्नु पर्छ भन्ने धार्मिक मान्यता रहेको छ । धर्मको अनौपचारिक नियन्त्रण रहने यस प्रथामा परिवारका छरिएर रहेका सदस्यहरू बीच आपसी भेटघाट हुने, रमाइलो हुने, असन्तुष्टिका कुरा राख्न पाउने, नयाँ पुस्ताले परम्परागत ज्ञान सिक्न पाउने तथा परिवार प्रति अपनत्वको भावना विकसित हुने हुनाले यसको महत्त्वलाई थाहा पाउन, बुझ्न अनि यस परम्परालाई निरन्तरता दिनु वास्तवमा प्रत्येक नेवार समुदायको कर्तव्य हो ।

**सी गुठी-** सी गुठी मृत्यु संस्कारसँग सम्बन्धित गुठी हो । यो गुठीले गुठीका सदस्यहरूको मृत्यु भएमा सव उठाउने तथा दाह संस्कार गर्ने कार्य गर्दछ । नेवार समुदायमा सबै जातिको आ-आफ्नो गुठी हुन्छ (शर्मा २०२९) । उपत्यकाका सबै नेवार समुदायमा रहेको मृत्यु संस्कार गुठीमा सोही समुदायका सदस्यहरू मात्र त्यस गुठीमा रहने छन् भने गुठीको अनिवार्य सदस्य हुनु पर्दछ । सी गुठीमा गुठीको सबैभन्दा ज्येष्ठ सदस्यले थकालीको जिम्मेवारी बहन गर्दछ । यसमा वार्षिक रूपमा गुठीका गुठीयारहरू बीच पालै पालो जिम्मेवारी हस्तान्तरण गर्ने प्रक्रिया हुन्छ । धेरै जसो सी गुठीमा गुठीका सदस्यहरूबाट संकलित रकमको कोष बनाउने वा आवश्यकअनुसार रकम संकलन गरी वार्षिक गुठी भोज सञ्चालन गर्ने गर्दछ । यस गुठीमा सबै गुठियारहरू अनुशासनमा रहनु पर्दछ । गुठी कार्यमा सम्बन्धित घरको कोही पनि व्यक्ति उपस्थित भएन भने त्यसलाई नियम बमोजिम जरिवाना वा गुठीबाट निष्कासन गर्ने गरिन्छ । गुठीमा प्रवेश गर्न सबै गुठीको आ-आफ्नै सामाजिक नियम हुन्छन् ।

**अन्य गुठी -** उपत्यकामा वर्ष भरि नै सञ्चालन भइरहने विभिन्न जात्रा, चाडपर्व, देवी नाच, संगीत, सञ्चालन गर्न मठ मन्दिर विहार चैत्यको सम्बर्द्धन गर्न, दैनिक, वार्षिक तथा अर्धवार्षिक रूपमा पूजाआजा गर्न विभिन्न धार्मिक गुठीको बन्दोबस्त गरेको पाइन्छ । गुठी मार्फत धार्मिक क्रियाकलाप गर्न सबैको आ-आफ्नै छुट्टै गुठी हुन्छ । जस्तो कुमारी जात्रा चलाउन पूजा तथा रेखदेख गर्न कुमारी गुठी, सल्हुँ गुठी (महिनाको पहिलो दिन पूजा गर्न चलाइएको गुठी) पञ्चदान गुठी (पञ्च्रां चरेःमा पाँच तत्त्व दान गर्ने परम्परा) आदि गुठीहरू रहेका छन् (Bajracharya P. R. , 2008) यसर्थ परम्परागत रूपमा आइरहेको धार्मिक आस्था तथा परम्परालाई कायम राख्न यसको सम्बर्द्धन गर्न तथा मानिसहरूमा सामाजिक नियन्त्रण कायम राख्न यस्तो गुठीहरूको महत्त्वपूर्ण भूमिका रहेको साथै जात्रा, पर्वमा एउटै जाती मात्र नभई विजातीयहरू पनि संलग्न हुन सक्ने हुनाले यसले धार्मिक एकताको भावना जागृत गराइ नकारात्मक सोच हटाउने विश्वास गरिन्छ । यस्तै गरी समाजसेवाको लागि पनि विभिन्न गुठीहरू रहेको पाइन्छ । जस्तो सि गुठी, सना गुठी (मृत्यु संस्कारसँग सम्बन्धित गुठी) ल त्वंकेगु गुठी (जात्रा पर्वमा पानी खुवाउने) सिथी गुठी (सिथी पर्व मनाउन तथा इनार ढुङ्गेधारा सरसफाई गर्न) आदि गुठीहरू समाज कल्याणसँग सम्बन्धित छन् । यसमा विभिन्न कार्य गर्नको लागि सजातीय, विजातीय, मानवीय तथा वंशानुगत रूपमा सदस्य हुन सक्दछ (Suwal, J, 1997) यस प्रकारको गुठीले समुदायका मानिसहरूमा सेवा, धर्म, पारस्परिक सहयोग तथा सहभागिताको भावना विकसित गरेको हुन्छ । यस्तै विभिन्न जात्रा, पर्वहरू सञ्चालन गर्ने क्रममा धार्मिक मनोरञ्जनसम्बन्धी पनि गुठीहरू छन् । कतिपय जात्रा पर्वमा अनिवार्य रूपमा देवी देवताका नृत्य तथा संगीत प्रस्तुत गर्नु पर्ने हुन्छ । यसको लागि लसता गुठी, नासः गुठी आदि छन् । यस गुठीले सामाजिक नियममा रही नास द्यो (नेवारहरूको नृत्य संगीतसम्बन्धी देवता) को पूजा गर्ने, नृत्य संगीत सिकाउने, संरक्षण गर्ने र निरन्तर रूपमा पुस्तागत हस्तान्तरण गर्ने कार्य गर्दछ ।

नेवार समुदायमा प्रचलित विभिन्न गुठीको आ-आफ्नै महत्त्व तथा नियम रहेको हुन्छ । गुठी परम्परा समुदायको व्यक्तिगत तथा सामाजिक जीवनको विविध पक्षसँग जोडिएको परम्परा हो । जसले समुदायमा सामाजिक एकरूपता तथा सामाजिक नियन्त्रण कायम राख्न सहयोग पुऱ्याउँछ । यद्यपि नेवार समाजको पहिचान बनेको देशभरका गुठीहरूलाई सरकारले आफ्नो मातहतमा ल्याउन गुठी संस्थान खारेज गरेर गुठी प्राधिकरण गठन गर्न २०७५ सालमा गुठी व्यवस्था विधेयक संसदमा दर्ता गराएको थियो । जसले सबै गुठीहरूलाई सरकारीकरण गरी गुठीको सबै सम्पत्ति प्राधिकरणको मातहतमा ल्याई जनताको सामूहिक सम्पत्तिलाई खोस्ने प्रयास गरेको थियो । त्यतिमात्र नभई यसले गुठीको मौलिकता, सामूहिकता, रैथानेपन र समुदायगत अपनत्वको भावनालाई पनि प्रहार गरेको थियो । गुठीलाई केवल जग्गा, सम्पत्तिको सीमित दायराको रूपमा हेरेको सरकारले गुठी भनेको राष्ट्रकै सभ्यता र संस्कृति हो भन्ने कुरा भुलेको थियो । यो नेवार समुदायको मात्र नभई सम्पूर्ण नेपाली समुदायको सामाजिक, सांस्कृतिक, धार्मिक जीवन पद्धति माथिको प्रहार थियो । तर गुठी प्रतिको भावनात्मक सम्बन्धको कारण तत्कालीन समयमा गुठी विधेयक विरुद्ध सम्पूर्ण नेवार समुदायहरू एकबद्ध र संगठित भएर विधेयक फिर्ता गराउन गरिएको विशाल प्रदर्शन र आन्दोलनका कारण सरकार गुठी विधेयक फिर्ता लिन बाध्य भएको थियो । यसबाट के देखिन्छ भने व्यापक जनसहभागिता जुटेको खण्डमा के हुँदैन र भन्ने कुरा पनि यसबाट स्पष्ट हुन्छ त्यसैले सबै मिलेर काम गर्न गुठी व्यवस्था उपयुक्त माध्यम हो ।

तसर्थ गुठी संस्कृति नेवार समाजको मौलिक जातीय पहिचान हो । यही पहिचानको कारण आज विश्वमा नेवारी कला, संस्कृति, सभ्यताले आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको छ र यो राष्ट्रकै लागि गौरवको विषय हो ।

## गुठीको प्रकार्यात्मक भूमिका

समाजशास्त्रीय सिद्धान्तको प्रक्रियात्मक दृष्टिकोणबाट हेर्ने हो भने समाज भनेको एउटा व्यवस्था हो जसलाई निरन्तरता दिन विभिन्न सामाजिक इकाइहरू एक आपसमा अन्तर सम्बन्धित भई प्रकार्यात्मक (Functional) सम्बन्धका आधारमा कार्य गरिराखेको हुन्छ । समाजमा धर्म, अर्थ, शिक्षा, विवाह, परिवार, कानून, राजनीति आदि विभिन्न इकाइहरू मिलेर एक आपसमा अन्तसम्बन्धित र अन्तरनिर्भर भई कार्य गरेर नै सिंगो समाज व्यवस्था कायम भई समाज सन्तुलित रूपमा सञ्चालन भएको हुन्छ । नेवार समुदायमा प्रचलित गुठी परम्पराको प्रक्रियात्मक भूमिकालाई हेर्ने हो भने यो पनि समाजको एउटा यस्तो इकाई हो जसले सम्पूर्ण समुदायलाई संगठित गर्न, धार्मिक सामाजिक तथा सांस्कृतिक परम्परालाई सम्बर्द्धन तथा निरन्तरता दिन प्रक्रियात्मक भूमिका निर्वाह गरेको छ । प्राचीन समयदेखि चलिरहेको यो परम्परा स्थायी तथा आफ्नो उद्देश्य प्रति कतिबद्ध रहेको छ । गुठी परम्परा कुनै एक व्यक्तिबाट सञ्चालन हुन सम्भव छैन । यो सामूहिक जीवन तथा सामूहिक कार्यसँग सम्बन्धित भएकोले यसले समुदायका मानिसहरूमा सामाजिक एकता तथा सद्भाव राख्न मद्दत गर्दछ । जसमा संलग्न सबै सदस्यहरूले आफ्नो निजी स्वार्थ भन्दा पनि सामूहिक आवश्यकता पुरा गर्न संस्था प्रति यो हाम्रो संस्था हो भन्ने भावना रहेको हुन्छ । यही गुठीमा प्रचलित सामूहिक भावनालाई समाजशास्त्री Emile Durkheim ले परम्परागत समुदायकोबारे व्याख्या गर्ने क्रममा प्रस्तुत गरेको सामूहिक सचेतना (Collective Conciousness) लाई यससँग जोडेर हेर्न सकिन्छ । जसले परम्परागत समुदायमा पनि हामी भन्ने भावना पारस्परिक सहायता साझा मूल्य तथा विश्वासमा आधारित रहेर एकबद्ध हुन्छ भनिएको छ । गुठीका सदस्यहरूमा धनी गरिब ठूलो सानो भन्ने भेदभाव गरिएको हुँदैन सबैलाई साझा व्यवहार गरिएको हुन्छ । तथापि गुठी भोज पनि बच्चादेखि ज्येष्ठ सदस्यसम्म सबैलाई एउटै स्तरमा खुवाइन्छ । गुठीका सदस्यहरूमा एक प्रकारले के गर्नु हुन्छ के गर्नु हुँदैन भन्ने सामाजिक नियम मर्यादा तथा अनुशासन कायम राखिएको हुन्छ । यस्तो नियमबाट सबैले आफूले प्राप्त गरेको कर्तव्य पुरा गर्नु पर्दछ । जसबाट अराजक गतिविधि हुन नदीई गुठी प्रशासन सुदृढ रूपमा सञ्चालन गर्न सहयोग पुग्दछ । यदि एउटा पक्षले आफ्नो भूमिका निर्वाह नगरे यसले समग्र पक्षमा असर पुग्न सक्छ । त्यसैले पारस्परिक कार्यहरू एकअर्कोमा निर्भर रहेको हुन्छ ।

प्रो. गोपाल सिंह नेपालीले नेवार समाजको सामाजिक संगठन भित्रको सरंचनागत प्रकार्यत्मक स्वरूपको बारेमा व्याख्या गर्ने क्रममा गुठीको प्रकार्यको बारेमा व्यक्त गरिएको धारणाअनुसार 'नेवार समुदायमा परिवार फुकी, समूह, जाति र समुदाय स्तरमा मनाइने विभिन्न प्रकारका गुठीहरूमा प्रचलित धार्मिक तथा सामाजिक जात्रा पर्व चाड पर्व तथा भोजहरूमा समुदायका सदस्यहरूको उल्लासमय सहभागिताले समुदाय कै सामाजिक सम्बन्धलाई बलियो बनाउनुको अतिरिक्त यसले सामाजिक एकरूपता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ (Nepali 1965)। भोजलाई नेवार समाजको पर्यायको रूपमा लिइन्छ । कुनै पनि गुठीमा अनिवार्य पूजा तथा भोजको व्यवस्था गरेको हुन्छ। विशेषत भोजमा सहभागिता जनाउनु पर्ने कार्यले पनि समुदायको पारस्परिक सम्बन्धले व्यापकता पाएको हुन्छ भने अर्को तर्फ गुठी सञ्चालनको विषयवस्तुको बारेमा पनि समीक्षा गर्ने कार्य गरिन्छ ।

गुठीको मूल व्यक्ति थकालीको रूपमा रहेको हुन्छ त्यस्तै अन्य पद पनि स्तरअनुसार विभाजन गरिएको हुन्छ

जहाँ सबैको आ-आफ्नै भूमिका हुन्छ जहाँ आफू भन्दा ठूलालाई आदर तथा सम्मान गर्नु पर्दछ साथै व्यक्तिले प्राप्त गरेको पद पनि पालै पालो स्तरअनुसार क्रमशः hierarchical रूपमा हस्तान्तरण हुँदै जान्छ यो भनेको गुठीको कार्य निरन्तर चल्दै जानु हो, गतिशील हुनु हो ।

समाजशास्त्री R. K. Merton ले कुनै पनि सामाजिक इकाइको व्याख्या गर्दा यसको कार्यलाई प्रत्यक्ष वा उद्देश्यपूर्ण कार्य (Manifest Function) र अप्रकट वा अन्तरनिहित प्रकार्य (Latent Function) गरी दुवै दृष्टिकोणबाट हेर्नु पर्दछ भनेका छन् । गुठी परम्परालाई यस सन्दर्भमा हेर्ने हो भने यसको कार्यलाई पनि उद्देश्यपूर्ण वा देखिने र अर्को अप्रत्यक्ष उद्देश्य वा अप्रकट कार्यको आधारमा हेर्न सकिन्छ । जस्तो प्रत्यक्ष वा देख्ने वा उद्देश्यपूर्ण कार्य भनेको नेवार समुदायले आ-आफ्नो विभिन्न उद्देश्य पुरा गर्ने गठन गरिएका गुठीहरूबाट सञ्चालन गर्न विभिन्न चाडपर्व, जात्रा, रीतिरिवाज सामाजिक संस्कार पूजा आजाको व्यवस्थापन हो जसको उद्देश्य संस्कार संस्कृतिको परम्परालाई निरन्तरता एवम् दिने संरक्षण र सम्बर्द्धन गर्ने कार्य गर्नु हो भने अर्को तर्फ यसको अप्रत्यक्ष वा अन्तरनिहित प्रकार्य भनेको जात्रा पर्व चाडवाडमा गुठीका सदस्यको बीचमा हुने आपसी भेटघाट हुने, रमाइलो दुःख सुखका कुरा हुने आपसी सहयोग लगायत तार्किक सवाल जवाफ पनि हुने गर्दछ र यसबाट पनि समुदायको अन्तरसम्बन्ध बढेको हुन्छ । गुठी परम्पराको भूमिकाको सन्दर्भमा यो दुवै अवधारणा नेवार समुदायको सामाजिक संगठनलाई बलियो बनाउन उपयोगी देखिन्छ । गुठी व्यवस्था भित्रका सामूहिक भावना अधिकार, सामूहिक सहभागिता, सामूहिक भोज, सामाजिक नियम कर्तव्य अनुशासन, पारस्परिक सम्बन्ध सहयोगको आदि जुन मौलिक पक्षहरू यसले नेवार समुदायको धर्म, संस्कृति, संस्कार, परम्परालाई बलियो पद्धतिमा बाँध्न सहयोग पुगेको छ भने अर्को तर्फ यसले व्यक्तिको जीवनलाई पनि समाज र संस्कृतिसँग घुलमिल गराइ सुसंस्कृत हुन थप सहयोग पुऱ्याएको छ ।

नेवार समुदायको जीवनको विविध क्षेत्रमा पनि गुठीको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । धार्मिक दृष्टिकोणबाट हेर्दा गुठी परम्परामा रहेको धार्मिक उदारताको भावनाले गर्दा आज समाजमा एउटै जात्रा, पर्वमा पनि हिन्दूमार्गी, बौद्ध मार्गी लगायत अन्य सम्प्रदायहरूले पनि सामूहिक सहभागिता जनाउने जुन परम्परा छ यसबाट समाजमा धार्मिक सहिष्णुता तथा समन्वयको भावना विकसित भएको पाइन्छ जसबाट धार्मिक समिश्रण भएको समाजको परिचय यसले दिन्छ । सांस्कृतिक रूपमा गुठी नेवार समुदायको मात्र नभई राष्ट्रकै इतिहास, कला, संस्कृति, धर्मको प्रमुख आधार हो । आजपनि लिच्छवीकालिन समयको कला कौशलको चर्चा परिचर्चा गर्दा गुठी मार्फत नै ति कला संस्कृतिको संरक्षण र सम्बर्द्धन हुँदै आएको हुनाले यसको इतिहास गुठी संस्कृतिसँग जोडिएको छ । यसै गरी गुठीबाट सञ्चालित हुने सांस्कृतिक परम्पराहरूमा धर्म र राष्ट्रियता एक अर्कोसँग सम्बद्ध रहेको पाइन्छ । विविधतामा एकता भन्ने भावना गुठी सञ्चालनको कार्यमा रहेको पाइन्छ । जस्तो उपत्यकाको महत्त्वपूर्ण इन्द्र जात्रा पर्व सञ्चालन गर्ने क्रममा श्री कुमारी, श्री गणेश, श्री भैरवको रथ तान्ने जात्रामा रातो मच्छिन्द्रनाथको भोटो देखाउने जात्रामा राष्ट्र प्रमुखको उपस्थिति हुनुपर्ने जुन परम्परा छ यसबाट पनि सबै जातजाति बीच राष्ट्रियताको भावना जागृत गर्न गुठीको योगदान रहेको पाइन्छ ।

आर्थिक पक्षबाट हेर्ने हो भने कुनै पनि गुठीको बन्दोबस्त गर्ने दाता (राज्य वा निजी) हुन्छ । दाताले केही संकल्प सहित गुठी सञ्चालन गर्नको लागि आयस्ता वा आर्थिक स्रोतको व्यवस्था गरेको हुन्छ । प्राप्त आयस्ताबाट नै सामूहिक रूपमा गुठीको कार्य सञ्चालन गरिन्छ । वर्तमान समयमा धेरै जसो गुठीको कार्य

कोषबाट पनि सञ्चालन भएको पाइन्छ । यस सन्दर्भमा गुठीले गुठी मातहतका चल अचल सम्पत्तिको जगेर्ना गर्ने, स्रोतको खोजी गर्ने तथा साविकको स्रोतबाट अन्य आय बढाउने कार्य गरिन्छ । यसरी गुठीमा मौजुद रहेको आर्थिक स्रोतलाई आवश्यकताअनुसार विभिन्न कार्यमा परिचालन गर्ने गरिन्छ । जस्तो विभिन्न फल्चा, पार्टी, हिटी (धारा), ल्हों हिटी (ढुङ्गे धारा), मठ मन्दिर आदिको निर्माण, पुनर्निर्माण, संरक्षण गर्ने देवी देवताका मूर्तिहरू स्थापना गर्ने, दैनिकदेखि वार्षिक रूपमा गर्नुपर्ने पूजाआजा, चाडपर्व, जात्रा, नाच सञ्चालनको बन्दोबस्त गर्ने, जात्रा पर्वअनुसारको भोज, सगुन आदिको व्यवस्था गर्ने, मन्दिर, चोक, गल्ली, इनार आदिको सरसफाई गर्ने कार्यका साथै जात्रा पर्वसँग सम्बन्धित धार्मिक परम्परागत नाच, संगीत, बाद्यवाधन सम्बन्धि तालिम दिने तथा संरक्षण गर्ने कार्य गरिन्छ । यसको साथै आवश्यकताअनुसार समुदायमा मर्दा पर्दा आवश्यक सहयोग गर्ने कार्य पनि गर्दछ । गुठीको कार्य सञ्चालन गर्दा गुठीको नीति नियमअनुसार फजुल खर्च गर्ने जस्ता औपचारिकता यसमा पुरा गर्न नपर्ने हुन्छ । सामाजिक रूपमा हेर्ने हो भने समाज एउटा जटिल व्यवस्था हो । जहाँ दुःखी, असहाय, रोग, भोग लगायत अन्य सामाजिक समस्याहरू व्याप्त छन् । यस्तो सामाजिक समस्याहरूमा कार्य गर्न सरकारी प्रयासले मात्र सम्भव हुने कुरा होइन । साथै व्यक्ति विशेषले मात्र पनि गर्न सम्भव नहुने तथ्यलाई मनन गरेर नै गुठीको भावना विकसित भएको हो । तसर्थ यस कार्यमा पनि गुठीले कल्याणकारी भावना तथा सामूहिक हित अनुरूप सबै मिलेर कार्य क्षेत्रमा गएर सम्पर्कमा रही सेवा उपलब्ध गराउने कार्य पनि विभिन्न गुठीहरूबाट भएको पाइन्छ । यस प्रकार समाजसेवाको माध्यमबाट समाज विकासमा पनि गुठीको महत्त्वपूर्ण भूमिका रहेको छ ।

अन्तमा नेवार समुदायको जीवनको विभिन्न आयामसँग जोडिएको गुठी परम्पराले समुदायको सामाजिक संरचनालाई एकिकृत गर्न जुन मेरुदण्डको भूमिका निर्वाह गरेको छ यसले सिंगो समाजकै संरचनालाई पनि बलियो बनाएको छ भन्ने कुरामा दुई मत नहोला ।

## निष्कर्ष

राष्ट्रको आधार भनेको समाज हो । समाज पहिचानको आधार संस्कृति हो । संस्कृतिको मूल आधार गुठी व्यवस्था हो । गुठी व्यवस्थामा समूहगत रूपमा मानिसहरूको सहभागिता जनाउने जुन परम्परा छ त्यो आफैमा नेपाली समाजको प्राचीन सांस्कृतिक परम्परा हो । गुठीले संगालेको यावत संरक्षण सम्बर्द्धन र सञ्चालनको दायित्व बोकेको कारण आज समाजमा प्राचीन मठ मन्दिर चैत्य गुम्बा विहार पुरानो भवन जस्ता भौतिक सम्पदाहरू अस्तित्वमा रहेका छन् । भौतिक उपस्थिति नदेखिने तर मानिसहरूका जीवन पद्धतिसँग जोडिएका परम्परादेखि चल्दै आएका धर्म, संस्कृति, संस्कार, जात्रा, पर्व रीतिरिवाज जस्ता अमूर्त सम्पदाहरू पनि जीवित छन् । यी तमाम गुठी संस्कृतिले कुनै न कुनै तवरले नेवारी समुदायलाई मात्र नभई तमाम नेपाली समुदायलाई नै भावनात्मक रूपमा एकिकृत र संगठित गरेको छ जसले समाजमा सामाजिक सम्बन्धलाई बलियो बनाई राष्ट्रकै विकासमा योगदान पुऱ्याइएको छ । तथापि वर्तमान आधुनिक प्रविधिको विकास तथा विश्वव्यापीकरणको समयमा गुठी परम्परामा युवाहरूको सहभागिताको कमि हुनु, गुठी बारे जानकारी कमि हुनु लगायत राज्य पक्षबाट पनि गुठी प्रति उदासीन प्रवृत्ति तथा कमजोर व्यवस्थापन देखिएको छ । गुठीको सम्पत्तिको संरक्षण तथा यसको कार्य विधि विधानपूर्वक भयो वा भएन भन्ने कुराको नियमित सुपरिवेक्षणमा पनि कमी देखिएको छ । अतः कुनै पनि परम्परा आधुनिक, वैज्ञानिक र गतिशील भएन भने परिवर्तित समयको

सामना गर्न गाह्रो हुन्छ । तसर्थ आज गुठी व्यवस्थालाई पनि परम्परामा मात्र सीमित नराखी यसको क्षेत्रलाई व्यापक तुल्याई, समय अनुकुल सुधार गरी आर्थिक स्रोतहरू बढाइ गतिशील एवम् वैज्ञानिक ढंगले विकास गरी कुन क्षेत्रमा कसरी समाज कल्याण गर्न सकिन्छ भन्ने तर्फ आज सबैको ध्यान आकृष्ट हुनु जरुरी छ ।

## सन्दर्भ सामग्री


बज्राचार्य, धनबज्र. (२०३०). *लिच्छविकालको अभिलेख.* कीर्तिपुरः नेपाल एशियाली अध्ययन संस्थान. त्रि.वि. ।

बिष्ट, डोर बहादुर. (२०५२). *सबै जातको फूलबारी.* काठमाडौं: साझा प्रकाशन ।

शर्मा, जनकलाल. (२०३९). *हाम्रो समाज एक अध्ययन:* काठमाडौं: साझा प्रकाशन ।

पौड्याल, दामोदर. (२०४५). *समाज र राष्ट्रको उत्थानमा* गुठीको भूमिका. काठमाडौं. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, प्रयागराज. (२०५४). *कुल. भूमि र राज्यः नेपाल उपत्यकाको पूर्व-मध्यकालिन सामाजिक अध्ययन* कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

शर्मा, कमलराज. (२०५६). *नेपाली समाज र संस्कृति.* न्यू प्लाजा पुतली सडकः युनाइटेड ग्राफिक प्रिन्टर्स प्रा.लि. ।

*गुठी ऐन २०२१* (संसोधन २०३३ र ४१ समेत) काठमाडौं: श्री ५ को सरकारको छापाखाना सिंहदरबार ।

देवकोटा, यादव. (२०७६). गुठियार मास्ने वफादार पोस्ने. *कान्तिपुर दैनिक.* २०७६-२-२८ ।

शाक्य, नरेशविर. (२०७६). छाय विवादित जुया च्वन गुठी विधेयक. *लायकु पाक्षिक.* २०७६-१-१५, असार ।

श्रेष्ठ, रोशन. (२०७६). दिगु पूजा छु खः ? छाय दिगु पूजा यायगु ?. *लायकु. पाक्षिक.* २०७६-११-३२, जेष्ठ ।

मल्ल, के. सुन्दर. (२०७६). गुठी हरण संस्कृति मरण. *कान्तिपुर दैनिक.* २०७६-३-१४ ।

Regmi, M. C. (1976). *Land Ownership is Nepal*. University of California Press.

Merton, R. R. (1988). Social *Theory and Social structure*. New Delhi: American Publishing Co. Pvt. Ltd.

Tylor, E. B. (1871). *Primitive Culture London. J Merrey*. www.file.scrip.org.html.

J. Suwal, (1997). Si Guthi a Newar Funeral Organization in Kathmandu. Newa Vijnana. *A Journal of Newar Studies* Vol I. No. 1.

Bajracharya, P. R. (2008). *Newa: Boudha Sanskriti Guthi.* (In Newari). Lotus Research Center.